Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

मिति :- २०७७/०८/२१

**बिषय : कृषि विकास कार्यक्रम(पकेट/ब्लक) का लागि प्रस्ताव आव्हानको सूचना ।**

सूचना नं.: ०१/०७७/७८

सूचना प्रकाशित मिति : २०७७/०८/२१ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि तथा पशु सेवा शाखा बुङचुङ, धादिङ अन्तर्गत आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना(PMAMP) को शसर्त अनुदान कार्यक्रमहरुको तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फार्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१औं दिन भित्र अर्थात (मिति२०७७/०८/२१ गतेदेखि २०७७/०९/११ गते भित्र) यस कृषि तथा पशु सेवा शाखामा कार्यबिधिमा तोकिएको ढाँचामा कागजातहरु (अनुसूची -६ र ७ ) अनुसारको प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावबहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**(क) पकेट कार्यक्रमका कार्यक्षेत्रहरु : सिद्धलेक गाउँपालिकाको २, ६ र ७ वडाहरु**

**(ख) कार्यक्रमहरु :**

| सि.नं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | साझेदार संस्था | कार्यक्रम सञ्चालन हुने क्षेत्र | सिद्धलेक गाउँपालिकाबाट | पकेट कार्यक्रमका न्युनतम आधारहरु |
|---|---|---|---|---|---|---|---|
| १ | बाखाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालन | संख्या | १ | कृषक समूह/कृषि सहकारी /कृषि फार्महरु | ६ नं. वडा भर | कूल लागतको ५०% अनुदानमा (अधिकतम १५ लाख) | परिच्छेद-४ को दफा ४.१.४ मा उल्लेख भए अनुसार कम्तिमा १००० वटा बाखाहरु हुनुपर्ने । |
| २ | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने | संख्या | २ | कृषक समूह/कृषि सहकारी /कृषि फार्महरु | २ र ७ वडा भर | कूल लागतको ५०% अनुदानमा (अधिकतम | परिच्छेद-४ को दफा ४.१.४ मा उल्लेख भए अनुसार |



नि. प्रमुख प्रशासकीय अ...

Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिद्धलेक, धादिङ
बागमती प्रदेश, नेपाल

मिति :- २०७७/०८/२१

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाली बस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालन । | | | | | प्रति पकेट १२ लाख कार्यक्रमको) | कम्तिमा तरकारी बालीमा ७ हेक्टर र प्लाष्टिक घर १००००बर्गमीटर क्षेत्रफलमा हुनुपर्ने । |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फार्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
(२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।
(३) निवेदनको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
(४) कार्य समितिको निर्णयको प्रतिलिपि ।
(५) साझेदारीको PAN र करचुक्ताको प्रमाणपत्र
(६) गत आ.व. को करचुक्ता प्रमाण पत्र

बिस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।
सम्पर्क व्यक्तिहरु - श्री छबिलाल गुरुङ्ग - ९८५११९०४१८, श्री इरिसा पाटामगर -९८६८८३६८८१, श्याम तामाङ - ९८६०१५६९८२

बोधार्थ
सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।

नि. प्रमुख प्रशासकीय

"आर्थिक सम्बृद्धि र विकासको लागि पूर्वाधार-सिद्धलेक गाउँपालिकाको मूल आधार"

Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सिद्धलेक, धादिङ
बागमती प्रदेश, नेपाल

मिति :- २०७७/०८/२१

**बिषय : साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**

सूचना नं.: ०२/०७७/७८

प्रथम पटक प्रकाशित मिति : २०७७/०८/२१ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशु सेवा शाखा बुङचुङ, धादिङ अन्तर्गत आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको शसर्त अनुदानमा सञ्चालन हुने **"लागतमा साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्य सञ्चालन प्रकृया -२०७७"** बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक सहकारी संस्था/कृषक समूह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७७/८/२१ गतेदेखि २०७७/०९/०५ गते सम्म) यस कृषि तथा पशु सेवा शाखामा कार्यविधिमा तोकिएको ढाँचामा (अनुसूची -२ र ३) अनुसारको कागजातहरु कार्यालय समय भित्र निवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

| सि.नं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | साझेदार संस्थाहरु | कार्यक्रम सञ्चालन हुने क्षेत्र | सिद्धलेक गाउँपालिकाबाट साझेदारी रकम रु. | पकेट कार्यक्रमका न्युनतम आधारहरु |
|---|---|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम | संख्या | २ | कृषक समूह/समिति/कृषि सहकारी संस्थाहरु | वडा नं. ३ र ४ वडा भर | कूल लागतको ५०% अनुदानमा (अधिकतम प्रति पकेट ९ लाख) | प्रति परिवार दुई मुर्रा वा मुर्रा क्रस भैंसी हुनुपर्ने । |
| २. | साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम | संख्या | २ | कृषक समूह/समिति/कृषि सहकारी संस्थाहरु | वडा नं. १ र ५ वडा भर | कूल लागतको ५०% अनुदानमा (अधिकतम प्रति पकेट ५ लाख) | प्रति परिवार दुई मुर्रा वा मुर्रा क्रस भैंसी हुनुपर्ने । |

नि. प्रमुख प्रशासकीय अधिकृत

"आर्थिक सम्बृद्धि र विकासको लागि पूर्वाधार-सिद्धलेक गाउँपालिकाको मूल आधार"

Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

मिति :- २०७७/०८/२१

<u>संलग्न कागजातहरु</u>

१। कृषक समूह/कृषि सहकारी/समिति को दर्ता प्रमाण पत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यावसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपीहरु

२। कृषक समूह/कृषि सहकारी/समिति को साझेदारी कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपी

३। समूह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली

४. निवेदनको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

५. कार्य समितिको निर्णयको प्रतिलिपि ।

६. साझेदारीको PAN र कर चुक्ताको प्रमाणपत्र

७. गत आ.व. को करचुक्ता प्रमाण पत्र

अन्य जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।

सम्पर्क व्यक्तिहरु - श्री छविलाल गुरुङ्ग - ९८५११९०४१८, श्री इरिसा पाटामगर -९८६८८३६८८१, श्याम तामाङ - ९८६०१५६९८२

<u>बोधार्थ</u>

सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।

नि. प्रमुख प्रशासकीय अ...

"आर्थिक सम्बृद्धि र विकासको लागि पूर्वाधार-सिद्धलेक गाउँपालिकाको मूल आधार"